


# प्रतिदिन


राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY



**सूचना**

**२०७५ साल भदौ १ गते देखि लागूभएको अपराध संहतामा रहेका मुख्य व्यवस्थाहरू :**

- जबर्जस्ती करणी गरी ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- क्रुर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- य सार्वजनिक रुपमा उपभोग हुने पेय वा खाद्य पदार्थमा विष हाली ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
सूचना तथा प्रसारण विभाग



वर्ष-१२ ।। अङ्क : ९४ ॥ २०७७ श्रावण १४ बुधबार (29th Jul. 2020, Wednesday) **Pratidin** National Daily मूल्य-रु.५/-


# बाह्रदशीका ४१ जनाको कन्ट्याक्ट ट्रेसिङ

*राजगढ (प्रस) ।* स्थानीय समुदायमा कोरोना संक्रमण फैलिएपछि बाह्रदशी गाउँपालिकामा कन्ट्याक्ट ट्रेसिङलाई तिब्रता दिइएको छ । गाउँपालिकाको संभावित संक्रमित क्षेत्रलाई पटक बाह्रदशीमा सुरक्षाकर्मीबाहेक समुदायका ब्यक्तिमा कोरोना सरेको पाइएको हो । बाह्रदशी गाउँपालिकाका दुईजनामा हिजो संक्रमण पुष्टि भएको थियो । संक्रमित हुनेहरुमा एकजना कहाँबाट र कसरी कोरोना सर्यो भन्ने थाहा हुन नसकेको अध्यक्ष राजवंशीले बताए ।

योसँगै बाह्रदशीमा कोरोना संक्रमितको सँख्या १४ पुगेको छ ।यसअघि पनि बाह्रदशी



सिल गरी मंगलबारदेखि कन्ट्याक्ट ट्रेसिङ थालिएको हो । मंगलबार संक्रमितहरुको परिवार र उनीहरुको सम्पर्कमा आएका ४१ जनाको स्वाब संकलन गरिएको छ। समुदायमा कोरोना संक्रमण फैलिसकेकाले अत्यन्त सजग हुनु पर्ने अबस्था आएको बताउँदै जिल्ला स्वास्थ्य कार्यालयका फोकल पर्सन जीवन चौलागाईले बाह्रदशीका संक्रमितहरुको 'डिटेल हिष्ट्री' खोजिरहेको जानकारी दिए । ' त्यस जानकारीका आधारमा संक्रमितको सम्पर्कमा आएका सबैको कन्ट्याक्ट ट्रेसिङ गर्छौं' उनले भने। समुदायमा संक्रमण देखा परेपछि बाह्रदशी गाउँपालिकाले सूचना जारी गरी सोमबार राति १२ बजेदेखि बाह्रदशी गाउँपालिकाको वडा नं १ ,२ र ३ अनिश्चित समयका लागि सिल गरेको छ । अर्को सूचना जारी नभएसम्मका लागि संक्रमित क्षेत्रभित्रका तीनवटा वडा सिल गर्ने निर्णय भएको गाउँपालिका अध्यक्ष खड्गप्रसाद राजवंशीले बताए । जिल्लामा पहिलो राजनीतिक कार्यकर्ता र अर्का स्वास्थ्यकर्मी रहेका छन् । बाह्रदशी २ मा निजी क्लिनिक संचालन गरेका स्वास्थ्यकर्मी र वडा नं ३ का नेकपाका एक कार्यकर्तालाई संक्रमण देखिएको हो । बाह्रदशीको पशुपति माविमा क्वारेन्टाइन रहेको छ। त्यस विद्यालयमा जाँदा नै आफूलाई कोरोना सरेको हुनसक्ने कोभिड हस्पिटल धरानमा रहेका नेकपा कार्यकर्ताले बताए । उनले आफ्नो सम्पर्कमा आएकाहरुलाई आफै बुझेर परीक्षणका लागि जान आग्रह गरेको जानकारी दिए । त्यस्तै राजगढमा क्लिनिक संचालन गरेका अर्का संक्रमितले आफ्नो औषधि पसलमा आएका विरामीहरुबाट संक्रमण सरेको हुनसक्ने आशंका गरेका छन् । चार दिन अघि क्वारेन्टाइनमा बसेका ब्यक्ति , जनप्रतिनिधि , स्वास्थ्यकर्मी र राजनीतिक कार्यकर्ता गरी २६ जनाको स्वाब संकलन गरी पठाइएको थियो । त्यसमध्ये समुदायका ती दुई जनामा संक्रमण पुष्टि भएको हो । उनीहरुलाई गाउँपालिका ८ दिन सिल गरिएको थियो । जिल्लाका दोस्रो कोरोना संक्रमित बाह्रदशी ४ मा देखा परेपछि गत बैशाख १४ देखि २२ गतेसम्म बाह्रदशीका तीनवटा वडा सिल गरिएको थियो

यसैबीच मंगलबार बिर्तामोडका एकसहित झापामा तीनजना कोरोना संक्रमित थपिएका छन् । थपिनेमा बिर्तामोड नगरपालिका वडा नं ६ का ३२ वर्षिय पुरुष रहेका छन् । उनी भारतबाट फर्केर मेची आँखा अस्पताल क्वारेन्टाइनमा बसेका थिए । त्यस्तै झापा गाउँपालिका वडा नं १ का दुई पुरुषमा पनि संक्रमण देखिएको छ । उनीहरु पनि भारतबाट फर्केर डिल्लीराज मावि क्वारेन्टाइनमा बसेका थिए । संक्रमितहरुलाई उपचारका लागि पठाइएको जिल्ला स्वास्थ्य कार्यालयका फोकल पर्सन जीवन चौलागाइले बताए । योसँगै जिल्लामा संक्रमितको सँख्या ३५१ पुगेको छ ।

# भ्रष्टाचार आरोपी ठेकेदारलाई सहभागी गराउँदै प्रदेश सरकार

*झापा (प्रस) ।* संघीय सरकारले प्रदेशमा प्रमुख सचिवलाई दिएको अधिकारको कारण भ्रष्टाचारको मुद्दा खेपिरहेका निर्माण व्यवसायीले ठेक्कामा सहभागिता जनाउन नपाएपछि प्रदेश १ सरकारले नियमावली बनाएर उनीहरुलाई ठेक्कामा सहभागी हुन पाउने बाटो खुल्ला गरेको खुलेको छ ।

प्रदेश सरकारका प्रमुख सचिवले भ्रष्टाचार अभियोग लागेका निर्माण व्यवसायीलाई ठेक्का प्रक्रियामा सहभागी नगराउन दुई पटक निर्णय गरिदिएपछि ठेकेदारको मिलेमतोमा प्रदेश सार्वजनिक खरिद नियमावली जारी गर्दै उनीहरुलाई प्रतिष्पर्धामा भाग लिने पाउने व्यवस्था गरिएको हो ।

संघीय सरकारले भ्रष्टाचार अभियोग लागेका ठेकेदारलाई ठेक्का प्रक्रियामा सहभागी गराउने वा नगराउने निर्णय गर्ने अधिकार प्रदेशका प्रमुख सचिवलाई दिएको थियो । सो अधिकारको प्रयोग गर्दै गत वर्ष कालिका कन्स्ट्रक्सनले विराटचोक-घिनाघाट सडक निर्माणको तेस्रो खण्डको लागि हालेको टेण्डर खारेज गर्ने निर्णय प्रमुख सचिव सुरेश अधिकारीले गरेका थिए ।

पुनः कालिकाले संखुवासभाको एउटा र मोरङको एउटा ठेक्काको लागि टेण्डर भरेकोमा प्रमुख सचिव दिनेश भट्टराईले पनि प्रक्रियामा सहभागी नगराउने निर्णय गरे । कालिकलाई ठेक्कामा सहभागी गराउन प्रदेश सरकारको भौतिक पूर्वाधार विकास राज्यमन्त्री अम्बिरबाबु गुरुङको दवाव भएपनि दुबै मुख्य सचिबले भ्रष्टाचार अभियोग लागेका कम्पनीलाई ठेक्का प्रक्रियामा सहभागी नगराउने निर्णय गरिदिएका थिए ।

दुई पटकको ठेक्का प्रमुख सचिवले खारेज गरिदिएपछि प्रमुख सचिवको अधिकार प्रदेश सरकारमा ल्याउने र त्यो अधिकार मन्त्री वा तोकिएको कर्मचारीले पाउनेगरी २०७७ जेठ २१ गते प्रदेश सरकारले प्रदेश सार्वजनिक खरिद नियमावली जारी गर्‍यो । नियमावलीमै टेकेर यसअघि दुई वर्षदेखि ठेक्कामा भाग लिन नपाएको भ्रष्टाचारको मुद्दा खेपिरहेको कालिकाले अहिले प्रक्रियामा रहेका ८ वटा ठेक्कामा सहभागी हुन पाउने भएको छ ।

कालिकालाई ठेक्कामा सहभागी हुनबाट रोक्न निर्देशन दिन नपर्ने निर्णय भौतिक पूर्वाधार राज्यमन्त्री गुरुङले कालिकासँगको मिलेमतोमा गत असार ३० गते गराएका छन् । योसँगै दुई वर्षदेखि टेण्डर भरेर पनि प्रक्रियामा सहभागी हुन नपाएको कालिकाले अब प्रतिष्पर्धा गर्न पाउने भएको छ ।

**कुन-कुन ठेक्कामा प्रतिष्पर्धा गर्दैछ कालिका ?**

कालिकाले बेदाम्सीसँग मिलेर पूर्वाधार विकास कार्यालय झापा अन्तर्गतका ५ वटा ठेक्कामा टेण्डर हालेको छ । दमक ५ को बुद्धचौक-हिमावी-ढुकुरपानी-शान्तिचौक-गोलाटार-महेश चौक रोड, हल्दिबारी २ को सहिद मेम मार्ग, इलामको दुर्गापुर-दानाबारी मार्ग, झापाको भद्रपुर-फडानीपुल-ईटाभट्टा मोड-सलकपुर रोड र इलामको सन्दकपुर पर्यटकीय क्षेत्र निर्माणको ठेक्का हालेको भौतिक पूर्वाधार मन्त्रालयले जानकारी दिएको छ । यस्तै पूर्वाधार विकास कार्यालय मोरङ अन्तर्गत कालिकाले मोरङको भलुवा खोलाको मोटरेबल पुल र बेलबारीको प्रगतिमार्ग-मिलनटोल-माझीगाउँ-भक्काचोक रोडको टेण्डर कालिकाले भरेको छ। यस्तै यातायात पूर्वाधार निर्देशनालय इटहरी अन्तर्गत भोजपुरको चुहारस्थित दुधकोशी नदिको पुल निर्माणको बोलपत्रमा सहभागी भएको छ ।

भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतका ८ वटै ठेक्कामा कालिकालाई सहभागी गराउने कि नगराउने भन्ने विषयमा प्रदेश सरकारको गत असार १८ गतेको मन्त्रिपरिषद बैठकमा मन्त्रालयले प्रस्ताव पेश गरेको थियो । मन्त्रिपरिषदले त्यसबारे निर्णय गर्ने अधिकार सम्बन्धित मन्त्री वा राज्यमन्त्रीलाई दिनेगरी निर्णय गरेको प्रदेश १ का प्रमुख सचिव भट्टराईले जानकारी दिए । सोही निर्णयको आधारमा भौतिक पूर्वाधार विकास मन्त्रालयले भ्रष्टाचार अभियोग लागेको कालिकालाई ठेक्कामा सहभागी गराउनेगरी निर्णय गरेर त्यसको निर्देशन असार ३० गते नै सम्बन्धित कार्यालयमा पठाइसकेको मन्त्रालयले जनाएको छ ।

बाँकेको सिक्टा सिँचाई आयोजना निर्माणमा भ्रष्टाचार गरेको अभियोगमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कालिका कन्स्ट्रक्सन विरुद्ध विषेश अदालतमा मुद्दा दर्ता गरेपछि कालिकाले ठेक्का प्रक्रियामा भाग लिन पाएको थिएन । उसलाई ठेक्कामा सहभागी गराउन प्रदेश -१ सरकारका भौतिक पूर्वाधार विकास राज्यमन्त्री गुरुङ सुरुवातदेखि नै सक्रिय रहेका थिए । कालिकाका प्रतिनिधि उज्जवल प्रसाईंले त्यसको लागि निरन्तर लबिङ गर्दै आएका थिए ।

**के छ प्रदेशको नियमावलीमा ?**

प्रदेश सरकारले जारी गरेको प्रदेश सार्वजनिक खरिद नियमावलीको दफा ४८ मा भ्रष्टाचारको मुद्दा खेपिरहेका निर्माण व्यवसायीलाई पनि ठेक्का प्रक्रियामा सहभागी हुन पाउने व्यवस्था राखिएको छ । सो दफाको उपदफा १ मा टेण्डर भरेका कुनै फर्म वा कम्पनी उपर भ्रष्टाचारको विषयमा मुद्दा दायर भएको भए त्यसको जानकारी सम्बन्धित कार्यालय प्रमुखले प्रदेश सरकारमा दिने व्यवस्था छ भने उपदफा (२) मा सो जानकारीपछि प्रदेश सरकारले उक्त फर्म वा कम्पनीलाई ठेक्का मूल्यांकन प्रक्रियामा सहभागी नगर्न निर्देशन दिनसक्ने व्यवस्था छ ।

यो नियमावली निर्माण र मन्त्रिपरिषद्को निर्णय कालिका कन्स्ट्रक्सनलाई ठेक्का प्रक्रियामा सहभागी गराउने उद्देश्यबाट नै भएको देखिने र यसमा राजनीतिक तहको चाहना रहेको मन्त्रालयका उच्च कर्मचारीले बताए । भौतिक पूर्वाधार


बाँकी पृष्ठ ४ मा


# 'न्यायालयको अन्याय' विरुद्ध नेविसंघको प्रदर्शन



*झापा (प्रस) ।* नेपाल विद्यार्थी संघ झापाले गैरजिम्मेवार सरकार र सर्वोच्च अदालतविरुद्ध जिल्लाका विभिन्न स्थानमा विरोध प्रदर्शन गरेको छ ।

दुईतिहाई बहुमतको कम्युनिष्ट नेतृत्वको सरकारले न्यायालयलाई आफ्नो प्रभावमा राखेको र हत्याआरोप स्वीकार गरिसकेका रञ्जन कोइरालालाई उन्मुक्ति दिएर न्यायिक पद्धतिलाई नै कमजोर बनाएको विरोधमा नेपाल विद्यार्थी संघ झापाले मंगलबार बिर्तामोड, धुलाबारी , बुद्धशान्तिलगायतका स्थानमा प्रदर्शन गरेको हो ।

'चोलेन्द्र शमशेरलाई कारबाही गर, धार्मिक हिंसा निम्त्याउने अभिब्यक्ति बन्द गर, विधिको शासन कायम गर, गैरजिम्मेवार ओली सरकार मुर्दाबाद, चिनिया अतिक्रमण स्वीकार्य छैन, विधिसम्मत निर्णय गर्ने कि जबर्जस्ती दुई तिहाइको दम्भले ? नेविसंघ जिन्दाबाद' लगायतका नारासहित बिर्तामोडको दुर्गा मन्दिर परिसरबाट निकालिएको विरोध प्रदर्शन बजार परिक्रमापछि मुक्तिचोकमा पुगेर कोणसभामा परिणत भएको थियो ।

कोणसभालाई सम्बोधन गर्दै नेपाल विद्यार्थी संघका निवर्तमान केन्द्रीय सदस्य सन्तोष उप्रेतीले यसअघि हत्या आरोप स्वीकार गरेर आजीवन कारावासको सजाय सुनाइएका कोइरालालाई छाड्नुले न्यायिक पद्धति नै मरेको बताए ।

नेपाली कांग्रेस बिर्तामोड नगर समितिका सभापति भोजराज सिटौलाले वर्तमान सरकारमा दुईतिहाइको दम्भ र उन्माद देखिएको बताउँदै सत्ता र पैसाका पछि अल्झिएको कम्युनिष्ट नेतृत्वको सरकार जनअपेक्षा पूरा गर्न असफल भएको टिप्पणी गरे । न्यायालयमाथिको सरकारको हस्तक्षेपले लोकतन्त्रलाई नै कमजोर बनाएको नेता सिटौलाको भनाइ थियो ।

कार्यक्रमका अन्य वक्ताहरुले वर्तमान सरकार भ्रष्टाचारमा डुवेको टिप्पणी गर्दै कम्युनिष्ट नेतृत्वको सरकारले जनअपेक्षा अनुरुप कुनै पनि काम गर्न नसकेको धारणा राखेका थिए । नेविसंघ झापाका सभापति राजेन्द्र उप्रेतीको अध्यक्षतामा सम्पन्न कोणसभाको सञ्चालन पोषराज कटुवालले गरेको प्रवक्ता सञ्जय निरौलाले जानकारी दिएका छन् । त्यस्तै नेपाल विधार्थी संघले

# गौरीगञ्ज होकलबाडीका २९ परिवार फेरि बिस्थापित

*गौरीगञ्ज (प्रस) ।* कन्काई नदीमा आएको बाढीका कारण गौरीगञ्ज १ होकलबाडीका २९ परिवार फेरि विस्थापित भएका छन् । गत असार २९ गते होकलबाडीका ३१ परिवार विस्थापित बनेका थिए । सोही वस्तीमा कनकाईको बाढी फेरि पसेको हो । पहिला भत्काएको ठाउँबाट कनकाईको बाढी पसेको वडा सदस्य राजभक्त सुनुवारले बताए । त्यतिबेला विस्थापितहरुलाई स्थानीय इन्द्रेणी प्राविमा राखिएको थियो । पानी घटेपछि घर फर्केका बाढीपीडितहरु पुनः विस्थापित भएर विद्यालयमा आश्रय लिन पुगेका छन् । पहिलाका ३१ परिवारमध्ये १०



परिवार पूर्णरुपमा विस्थापित भई विद्यालयमै बसिरहेका थिए । त्यस्तै गौरीगञ्जको अर्को ठाउँमा कनकाईले बाँध भत्काएको छ । बाँध भत्किएर बाढी पस्दा रोपेको सयौं विगाह धान खेती नष्ट भएको छ । गौरीगञ्ज १ स्थित रँगियाथान र बिशुवाडोभाबीचको भागमा कनकाई नदीले करिब २०० मिटर बाँध भत्काएको वडा नं १ का वडाध्यक्ष कार्तिकलाल राजवंशीले बताएका छन् ।

बाढीले किसानहरुले रोपेका सयौ विगाह धान बाली पूर्णरुपमा नष्ट गरिदिएको छ । बाढीले स्थानीय देवनारायण राजवंशी, कृष्ण राजवंशी तुलाराम राजवंशी, शिवनारायण राजवंशी, दिपक राजवंशी चन्द्रनारायण राजवंशी, रामकुमार राजवंशी , नारायण राजबंशी, जयनारायण राजवंशी , शिवनारायण राजवंशी, ईन्द्रबहादुर बस्नेत, लक्ष्मी गौतम र बमशंकर राजवंशीलगायतको सयौ विगाह धान बाली नष्ट भएको वडाध्यक्ष राजवंशीले बताए । बिस्थापितहरुलाई राहतका लागि पहल भइरहेको उनले जानकारी दिएका छन् ।




# भ्रष्टाचार आरोपी....

विकास राज्यमन्त्री गुरुङले कालिका राम्रो कम्पनी रहेको भन्दै उसलाई ठेक्का प्रक्रियामा सहभागी गराउनुपर्ने लबिङ गर्दै आएका थिए ।

'अन्य धेरै निर्माण कम्पनी भएपनि भ्रष्टाचार मुद्दा खेपिरहेको कालिकालाई नै बाटो खोल्नेगरी लबिङ हुनु र नियमावली बन्नु आफैंमा अनौठो रहेको छ' मन्त्रालयका एक कर्मचारीले भने, 'नीतिगत भ्रष्टाचारको नमुना हो, यो । प्रमुख सचिवले मन्त्रीको इच्छा अनुसार निर्णय नगरिदिएपछि नियमावली बनाएर इच्छा पुरा गरिएको छ ।'

**यसरी रोकिएको थियो भ्रष्टचार मुद्दा खेप्ने कम्पनीलाई**

बाँकेको सिक्टा सिंचाई आयोजनामा विक्रम पाण्डे संचालक रहेको कालिका कन्स्ट्रक्सन र बर्दियाको बबई पुल निर्माणमा संघीय सांसद हरिनारायण प्रसाद रौनियार संचालक रहेको पप्पु कन्स्ट्रक्सनले अनियमितता गरेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार मुद्दा दायर गरेपछि संघीय सरकारले सार्वजनिक खरिद नियमावली संशोधन गरी भ्रष्टाचारमा सफाई नपाएसम्म ठेक्कामा सहभागी हुन नपाउने निर्णय २०७६ वैशाख ३१ गते गरेको थियो । तर, ठेकेदारको दबाबमा पुनः २०७६ जेठ २३ गते नियमावली संशोधन गर्दै त्यसबारे निर्णय गर्ने अधिकार सरकारमा रहने उल्लेख गरिएको थियो । तर, सरकारी निकायले ठेक्कामा सहभागिता जनाउन पाउने निर्णय नगरिदिँदा कालिकाले टेण्डर भरे पनि सुरुवाती प्रक्रियामा खारेज हुँदै आएको थियो ।

कालिकाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २०७५ मंसिर २१ गते २ अर्ब १३ करोड रुपैयाँ भ्रष्टाचार गरेको अभियोगसहित विशेष अदालतमा मुद्दा दायर गरेको थियो । सो मुद्दामा कालिकाका संचालक पाण्डे ४ करोड धरौटी बुझाएर रिहा भएका थिए ।

यस्तै पर्सा निर्वाचन क्षेत्र ३ बाट निर्वाचित सांसद रौनियारको पप्पु कन्स्ट्रक्सनविरुद्ध अख्तियारले १९ करोड २५ लाख रुपैयाँ विगो दाबीसहित विशेष अदालतमा मुद्दा हालेको थियो । सोही मुद्दाका कारण रौनियारको सांसद पदसमेत निलम्बित अवस्थामा छ । दुवै मुद्दाको फैसला भइसकेको छैन ।

**प्रदेश १ को निर्णयलाई नजिर बनाउने प्रयासमा कालिका**

नियमावली संशोधनपछि भ्रष्टाचारको आरोपमा अदालतमा मुद्दा खेपिरहेका निर्माण व्यवसायीले नयाँ ठेक्का प्रक्रियामा सहभागी हुनै पाएका थिएनन् । सरकारले निर्णय गरेको अवस्थामा ठेक्कामा सहभागी हुन पाउनेगरी नियमावली संशोधन भएपनि भ्रष्टाचार अभियोग लागेकाको पक्षमा उभिने हिम्मत कसैले नगर्दा उनीहरुले ठेक्कामा सहभागी हुन पाएनन् । अब प्रदेश- १ सरकारले भने बाटो खोलिदिएको छ ।

प्रदेश- १ बाट ठेक्का प्रक्रियामा सहभागी हुने बाटो खोलिएकोले अब त्यसलाई नजिर बनाउने देशभरको ठेक्कामा सहभागी हुने दाउमा कालिका रहेको छ । 'कालिकाको प्रयास यहाँको ठेक्का हात पार्नेभन्दा पनि नीतिगत रुपमा आफ्नो लागि बाटो खोल्नेमा थियो' मुख्यमन्त्री कार्यालय स्रोतले भन्यो,'प्रदेश सरकारले त्यो काम गरिदिएर राम्रो गुन लगाएको छ ।'

यस विषयमा प्रतिक्रिया लिन फोन गर्दा मन्त्रालयमै आउन भनेका राज्यमन्त्री गुरुङले मन्त्रालयमा पुग्दा प्रतिक्रिया दिन नमानी व्यस्त रहेकोले २२ गते भेट गर्न स्वकीय सचिब टिका धमलामार्फत खबर पठाए । २२ गतेसम्ममा सबै ठेक्काको प्रक्रिया किनारा लाने भएकोले उनले तत्काल भेट दिन नमानेको बुझिएको छ ।

कालिकाका प्रतिनिधि उज्जवल प्रसाईंले आफूहरुले टेण्डर भरेको जानकारी दिँदै प्रक्रियामा सहभागी गराउने कि नगराउने भन्ने सरकारको हातमा रहेकोले आफ्नो कुनै भूमिका नरहेको दावी गरे । प्रदेश सरकारका प्रमुख सचिव भट्टराईले आफूले विगतका निर्णय र स्वविवेक प्रयोग गरेर भ्रष्टाचार आरोपीलाई ठेक्कामा सहभागी नगराउने निर्णय गरेको जानकारी दिए । अहिले नियमावली अनुसार सम्बन्धित मन्त्रीले गरेको निर्णयमा आफूले कुनै प्रतिक्रिया दिन नसक्ने उनको भनाइ छ ।

# फुटबल...

उनले सुनाए। एकेडेमी सञ्चालनका लागि स्थान तय भइसकेको छ। इन्जिनियर र प्राविधिकले कामको तयारी गरिरहेका छन्। भौतिक पूर्वाधारको तयारीमा ५ करोड रुपैयाँ खर्च हुने अनुमान सुनाएका अध्यक्ष गुरुङले त्यो ठूलो रकम नभएको र सहज रूपमा जुट्ने बताए। 'झापा ११ का सदस्य नै धेरै हुनुहुन्छ,' गुरुङले भने, 'विदेशमा पनि झापा-११ को महत्व उत्तिकै छ ।'

एकेडेमी सञ्चालनका लागि प्रशिक्षक, खेलाडी तथा प्राविधिकसँगको परामर्शपछि कसरी अघि जाने भन्ने विषयमा पनि आन्तरिक छलफल भइरहेको उनले जनाए।

डोमालाल रजवंशी रंगशालाकै नजिक सञ्चालन हुने एकेडेमीका लागि चारवटा खेल मैदान, भवन, कार्यालय निर्माण त्यही आसपासमा नै गरिनेछ।

आफ्नै खेलाडी उत्पादन गर्ने उद्देश्य एकेडेमीले राखेको छ। खेताला बोलाएको जस्तो गरेर खेलाडी ल्याउने र खेलाउने संस्कारले फुटबल विकास निरर्थक हुने उनको बुझाइ छ।एकेडेमीको मुख्य प्रशिक्षकमा युगलकिशोर राई र प्रवेश कटुवालले प्रशिक्षक भूमिका निर्वाह गरिरहेका छन्। चैतसम्म २५ जना खेलाडीलाई क्लोज क्याम्पमा राखेर प्रशिक्षण थालिएको थियो।तर कोरोनाका कारण अहिले खेलाडी त्यहाँ छैनन्। सहज हुनेबित्तिकै ती खेलाडीलाई प्रशिक्षणमा राख्ने उनले बताए।

लामो गृहकार्यपछि एकेडेमी सञ्चालन तयारीमा जुटेको बताउने उनी झापा(११ अनगोइङ प्रकृतिको क्लब भएको दाबी गर्छन्। झापा(११ ले अहिले डोमालाल रंगशालाको सरसफाइ सुरु गरेको छ।

फुटबल खेलका लागि ५-१० वर्ष उमेर समूहमा बालबालिकालाई प्रशिक्षण दिने, आफ्नै टेक्निक र ट्याक्टिस प्रयोग गर्न सकेमात्रै प्रतियोगिता जित्न सकिने उनले बताए। उनले भने, 'झापा ११ को अवधारणा हायरिङ गरेको खेलाडीले खेल जितेर प्रगति हुँदैन भन्ने नै हो।' सरकार र एन्फालगायतका जिम्मेवार निकाय फुटबलको विकासमा दत्तचित्त नभएको बताउने गुरुङले आफ्नै बलबुतामा झापालाई ब्रान्ड बनाउने योजना सुनाए। आफ्नो ठाउँको फुटबल विकासका लागि आफैं लाग्नुपर्ने बताएका उनले झापा फुटबलको हब हुने दाबी गरे। उनले झापामात्रै होइन देशभर एकेडेमी खुले मात्रै फुटबलको विकास सम्भव हुने निष्कर्ष सुनाए। हेरौं हेरौं जस्तो खेल मैदान र विदेशी बालबच्चाको जस्तो फुटबलप्रतिको भावना विकास गराउन सकियो भने मात्रै प्रगति हुने सम्भावना देखेका उनले नेपाली फुटबल वादविवादमा अल्झेकै कारण अगाडि नबढेको मत राखे। भने, 'फुटबल विकासका लागि मन पनि मिल्नुपर्छ।'

**पत्रपत्रिका पढ्ने बानी बसालौं ।**

# असहाय बालबालिकालाई छात्रवृति



*लक्ष्मीपुर (प्रस) ।* सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लक्ष्मीपुर सेवा केन्द्रले असहाय बालबालिकालाई छात्रवृति दिएको छ ।

संस्थाले शुरु गरेको शिक्षा सचेतना कार्यक्रमअन्तर्गत मंगलवार १२ जना विपन्न एकल महिला तथा पुरुषका छोराछोरीलाई छात्रबृति दिएको हो ।

वालबालिकालाई कपि, कलम, ज्यामिति, कलर पेन्सिल र टिसर्ट दिइएको थियो । संस्थाका लक्ष्मीपुर सेवा केन्द्र सहयोग समिति संयोजक केदार सम्सेर गिरीको अध्यक्षतामा भएको कार्यक्रममा औचित्यमाथिको प्रकाश सेवा केन्द्र प्रमुख उमेश भारतीले पारेका थिए । सहयोग समिति सदस्य टोमकुमारी ओझाको उपस्थिति रहेको कार्यक्रममा शुभकामना मन्तव्य वरिष्ठ प्रवन्धक इलाका सुरुङ्गाका रामनारायण प्रधानले गरेका थिए । कार्यक्रमको सञ्चालन सेवा केन्द्रका कर्मचारी खगेन्द्र निरौलाले गरेका थिए ।

# ....नेविसंघको प्रदर्शन



धुलाबारीमा गरेको प्रदर्शनमा सयभन्दा बढी नेताकार्यकर्ता सहभागी थिए । प्रदर्शनपछि आयोजित कोणसभामा नेविसंघका निवर्तमान केन्द्रीय सदस्य सन्तोष उप्रेती, नेविसंघ झापाका सभापति राजेन्द्र उप्रेती, जिल्ला प्रवक्ता संजय निरौलालगायतले बोलेका थिए । कोणसभाको संचालन नेविसंघ झापाका सहसचिव सुरज सुवेदीले गरेका थिए ।

# बाढी पीडित ९ परिवारलाई लत्ताकपडा



*शिवसताक्षी (प्रस) ।*झापाको शिवसताक्षी नगरपालिका १० का बाढीपीडित ९ परिवारलाई विभिन्न संघसंस्थाले लत्ताकपडा वितरण गरेका छन् । कनकाई माईले विस्थापित गरेका ९ परिवारलाई डसना, ब्लाङ्केट, तन्ना र एक- एक थान झुल वितरण गरिएको हो । अगापे नेपाल , सतासीधाम जेसीस र कैलाश शिखर फाउन्डेसनले ती सामग्री उपलब्ध गराएका हुन् । लत्ताकपडा तथा झुल पाउनेहरुमा बाबुराम दर्जी,बोलवती ऋषिदेव, भुपाल चौधरी, श्यामलाल ऋषिदेव, मिना ऋषिदेव, तारा शेर्मा, प्रेम उप्रेती, गीता ऋषिदेव र ललु ऋषिदेवको परिवार छ । म्यानेजर्स क्लब अफ शिवसताक्षीका अध्यक्ष बिनोद ढकालको प्रमुख आतिथ्यमा ती सामग्री हस्तान्तरण गरिएको हो ।

# हडिया खोलाले बगाउँदा बालकको मृत्यु



*बुधबारे (प्रस) ।*। हडिया खोलाले बगाउँदा एक बालकको मृत्यु भएको छ ।

मंगलबार विहान १० बजे बुद्धशान्ति गाउँपालिका ३ पिपलबोटे बस्ती बस्ने महेश राईका ३ वर्ष ५ महिनाका छोरा मौसम राईको हडिया खोलाले बगाउँदा मृत्यु भएको हो । घर बाहिर खेल्ने क्रममा घर नजिकै रहेको हडिया खोलाले अचानक बगाएको अवस्थामा स्थानीयले देखेर तत्काल उद्धार गरी उपचारको लागि स्थानीय लिभिङ होप पोलिक्लिनिक बुधबारे पुर्याएका थिए । उपचारका क्रममा ती बालकको मृत्यु भएको हो । घटना सम्बन्धमा इलाका प्रहरी कार्यालय धुलाबारीबाट गएको टोलीले अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय**

**१ नं. प्रदेशको सधियार**

**खेम कुमार लम्सालको नाममा जारी गरिएको**

## ७ दिने सूचना

साविक अनारमनी गाविस वडा नं. ३ हाल बिर्तामोड नगरपालिका, वडा नं. ५ बस्ने श्री सम्झना बस्नेतले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय स्वायत्त शासन ऐन २०५५ को उपदफा १ च २ प्रयोजनको लागि यो ७ (सात) दिने सूचना तथा सधियार पु. श्री खेम कुमार लम्सालको जग्गा लगायत सार्वजनिक हानी नोक्सानी हुन्छ वा हुँदैन । यदी हुन्छ भने यो सूचना प्रकाशित भएको मितिले तपाईं ७ दिन भित्र प्रमाण सहित आउनु होला । अन्यथा नियम बमोजिम भई जानेछ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड नपा-५, अनारमनी ३ | १७९. ०१२० | १४०५ | २२८.५६ | २०७६/ ०९/०४ | २०७६/ ०९/०४ | २०७७/ ०३/२१ |


## सामाजिक सुरक्षा परिचय पत्र नवीकरण गर्ने सम्बन्धी अत्यन्त जरूरी सुचना

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ मा सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्नुपर्ने व्यवस्था बमोजिम यस नगरपालिकाको १० वटै वडाहरुमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले सम्बन्धीत वडा कार्यालयमा उपस्थित भई तोकिएको ढाँचामा निवेदन दिई **वि.सं. २०७७ श्रावण मसान्तभित्र** अनिवार्य रुपमा आफ्नो सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गराउनु हुन सुचित गरिन्छ । बालबालिका वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजको आमा, बुवा, संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछ ।

**सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न आउँदा ल्याउनु पर्ने कागजातहरु / वडा सचिवले संकलन गर्नुपर्ने कागजातहरु**

- नागरिकता प्रमाण पत्रको प्रतिलिपि
- पासफोटो साइजको २ प्रति फोटो
- बैंक खाता नम्बर
- बालबालिकाको हकमा जन्मदर्ताको प्रतिलिपि
- सम्बन्ध विच्छेद गरि अर्को विवाह नगरेकी महिलाको हकमा सम्बन्ध विच्छेद दर्ता प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको प्रमाण
- बिधुवा महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि
- न्यायिक पृथकीकरण गरी बसेकी महिलाको हकमा न्यायिक पृथकीकरण भएको प्रमाण
- विवाह नगरेको महिलाको हकमा वडाको सिफारिस पत्र
- अपाङ्गता भएको व्यक्तिको हकमा नगरपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि (साविकको महिला तथा बालबालिका कार्यालय वा गा.वि.स. ले बनाएको अपाङ्गता परिचयपत्र मान्य हुनेछैन ।)

**विर्तामोड नगरपालिका**

## सूचना

धुम्रपान र मद्यपानबाट टाढा रहौं ।
सुखी र स्वस्थ जीवन बिताऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## हाडजोर्नी तथा नशाका समस्याहरूको बिना अप्रेसन सफल उपचार

**सफलतापूर्वक उपचार हुने समस्याहरू**



ढाड, गर्धन कम्मर दुख्ने डिस्क प्रोल्याप्स, हड्डी खिइएको नशा च्यापिएको
वाथ, आर्थराइटिस, घुडा, जोर्नी दुख्ने, युरिक एसिड बढेको
शरीरका विभिन्न अङ्ग झम्झमाउने, पोल्ने, लाटो हुने
पाएल्स, पिनाश, ग्यास्टाइटिस, कब्जियत, टाउको दुख्ने, डिप्रेशन, अनिद्रा
प्यारालाइसिस, शरीरको एक अङ्ग वा दुवै अङ्ग नचल्ने, मुख बाङ्गिएको

सम्पर्क : **स्पार्क पूर्वाञ्चल अस्पताल प्रा.लि.**
कनकाई रोड (कनकाई कलेजसँगै) बिर्तामोड (झापा) फोन : ०२३-५४०१२३, ९८५२६७५०३३

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

**बिर्तामोड , झापा**

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

## पूर्ण टुङ्ग बिर्ता सीटी अस्पताल बिर्तामोडमा शारीरिक उपचार अर्थात् फिजियोथेरापी सेवा सुरु

**औषधीको प्रयोग नगरी उपचार**

बिना औषधि, बिना सुई, बिना चिरफार, हाड जोर्नीको दुखाई, हड्डी खिएको, हातखुट्टा नचल्ने, झमझमाउने, मुख बाङ्गिएको, मस्तिष्कघात भई प्यारालाइसिस भएको, घाँटी अथवा ढाडको नसा चेपिई दुख्ने, झमझमाउने, अप्रेसनपछि जोर्नीहरु जाम भएको, हातखुट्टा चलाउँदा दुख्ने तथा असजिलो भएको, मांसपेशी कमजोर भई हातगोडा लुलो हुने आदि भएमा यस बिर्ता सीटी हस्पिटलको फिजियोथेरापी विभागमा सम्पर्क गरी चाँडोभन्दा चाँडो स्वास्थ्य लाभ लिनुहोस् । वैज्ञानिक ढङ्गले मालिस गर्ने, मांसपेशीहरु सेक्ने, हातखुट्टा चलाउने, व्यायाम गर्ने गरी तपाईंको शरीरलाई पुन: यथावत् पूर्ण सञ्चालनमा ल्याउन सकिने भएकाले यसका लागि अनुभवी र पारखी विशेषज्ञको विज्ञ सेवा प्राप्त गरी तन्दुरुस्त बन्नुहोस् ।




सदैव व्यायाम गरौं, सदैव स्वस्थ रहौं ।

पूर्ण टुङ्ग **बिर्ता सीटी हस्पिटल**
बिर्तामोड, झापा । फोन : ०२३-५४४८५५, ९८६२६८००००


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल । । सम्पादक : राजेन्द्र गौतम

## सम्पादकीय

# सरकार जवाफ देऊ

मुलुकमा पहिलोपटक २०७६ माघ १० मा हुवानबाट आएका एक विद्यार्थीमा कोरोना पुष्टि भयो, देखियो र हो । त्यसको ठ्याक्कै दुई महिनापछि विदेशबाटै आएकी एकजनामा कोरोना देखियो । सरकार त्यसबेला हतारियो र लकडाउन घोषणा गऱ्यो । तर सरकारले लकडाउन खुल्ला गरेको दिन ०७७ साउन ७ गते कोरोनाले दुई व्यक्तिको मृत्यु भएको थियो । यो बीचमा के तालमेल छ या बेइमानी सरकारको जवाफ हामीलाई होइन, नागरिकलाई चाहिएको छ। सरकार ! नागरिकको बिन्ती हो, हिजो र अहिलेको परिस्थिति कुन छ , वा कस्तो छ हेक्का पुऱ्याए राम्रो । तर, कोरोनाको सीमा निर्धारण भए जस्तो मुलुकमा लकडाउन छैन ।

यतिबेला कोरोना संक्रमण समुदायमा पुगेको सहज अनुमान गर्न सकिन्छ र वास्तविकता पनि त्यही हो । कोरोनाले ०७६ मा धेर मानिस मरे कि ०७७ मा ? सरकार तिमी यदि अभिभावक हो भने यो कुरामा हेक्का पुऱ्याउन जरुरी छ ।

कोरोना कहाँ फैलियो , कहाँ देखियो र कहाँ मानिस मरे भन्ने कुरा हुँदैहोइन । संसार आतंकित बनेको कुरामा मौनधारण गर्ने दिवा सपना हेरेर बस्ने हो भने नागरिकले भन्नु केही छैन। यद्यपि, लकडाउन खुल्ला गर्ने यो उपयुक्त समय थियो, अभिभावकलाई प्रश्न गर्न किन नपाउने ? यी प्रश्नको जवाफ नागरिकलाई चाहिएको छ । सरकार जवाफ दिनु तिम्रो कर्तव्य हो, जवाफदेहीता तिम्रो जिम्मेवारीभित्र निहीत छ । सरकार जहाँ जे छ,वास्तविकता नागरिकले होइन बुझ्ने अभिभावकले हो । प्रश्न गरेर नागरिक पंक्ति लज्जित किन हुनु ? अभिभावकीय भूमिकामा रहेर तद्अनुसारको व्यवस्थापन गर्नु नितान्त जरुरी छ । अन्यथा दुई जना संक्रमित हुँदा गरेको लकडाउन दुई जना मर्दै गर्दा किन खुल्ला गरियो ? सोध्न पाउने कि नपाउने ! कि नागरिक मौनता साँधेर बस्नु पर्ने ? अभिभावकको जिम्मेवार जवाफ चाहियो । अन्यथा नहोस् , सरकार जो बिचार!

# हिन्दु जागरण नेपाललाई पत्र



❖डा. अरुणा उप्रेती

काठमाडौंको गल्लीमा टाउको घुसाएर बसेपछि सम्पूर्ण नेपाल नै यही हो भनेर सारा नेपाल नै मन्दिरले भरिएको छ भनेर दाबी गर्ने ? म हिन्दु आमाबुबाबाट जन्मेकी एक हिन्दु हुँ । तर, म नास्तिक हिन्दु हुँ । तपाईंहरुले भनेको कर्मकाण्डमा मेरो विश्वास छैन । मेरो ईश्वर त घट-घटबासी छ । पत्थर, रुख, बिरूवा, नदी, कुकुर, बिरालो र प्रत्येक मान्छेमा ईश्वर बास गर्छ ।



मैले कहिल्यै पनि तिजको ब्रत बसेको छैन । स्वास्नीले ब्रत बसेर लोग्नेको आयु बढ्छ भनेर म विश्वास गर्दिनँ र मेरो वरिपरिकालाई पनि यस्तो ब्रत नगर, यस्तो कुरामा विश्वास नगर भनेर 'वकालत' गर्छु । मेरा थुप्रै परिचित महिलाहरू 'तिजको ब्रतमा' लपक्क खान्छन् वा बाहिर ब्रत बसेको भन्छन् । उनीहरूलाई 'ब्रत नबसे परिवारले के भन्ला' भन्ने डर हुन्छ । उनीहरूलाई तपाईंजस्ता जागृत मान्छेले के सजाय दिने होला ? 'हिन्दु जागरण नेपालका केही धार्मिक व्यक्तिले' तिज 'ब्रत बस्दिनँ' भन्ने शब्द भएको गीत युट्युबबाट हटाउन चाहेछन् । हटाए छन् पनि । उनीहरूले ठूलो काम गऱ्यौं भन्ठानेका होलान् । धेरै महिलाहरूले एकै स्वरमा 'हामी तीजको ब्रत बस्दैनौं' भनेमा के उनीहरुले ती महिलालाई कुट्नेछन् ? लछार पछार पार्नेछन् ? 'हिन्दु धर्म' के त्यति कमजोर छ, 'कसैले म तिजको ब्रत बस्दिनँ' भनेर गीत गाउँदैमा ढलिहाल्ने ? यदि यस्तो हो भने त्यस्तो धर्मलाई धारण गर्नुको के औचित्य रह्यो र ? होइन, यस्ता गीत जति गाए पनि हिन्दु धर्म रहिरहन्छ भने किन गीत हटाउन मरिहत्ते गरेको ?

हिन्दु जागरण नेपालले साँच्चि नै हिन्दुहरूको र हिन्दु धर्मको विकास चाहने हो भने त समुदायमा गएर क्रिश्चियन बन्नबाट दलित, जनजाति, चेपाङलाई रोके हुन्थ्यो । उनीहरूको शिक्षा, दीक्षा र भोजनको प्रबन्ध गरे हुने थियो । गीत गाउने गायिकालाई विभिन्न अपशब्द बोलेर, धम्की दिएर हिन्दु धर्म त जागरण हुँदैन होला । जब नेपालका मन्दिरहरू पुरानो भएर भत्किन्छन्, तब त त्यो बनाउन त हिन्दु जागरण नेपालले के गरेको छ भनेर प्रश्न गरे के भन्ने होला हिन्दु जागरण गराउनेले ?

'हिन्दु जागरण' गराउनेले कहिले मन्दिरका वरिपरि बसेका गरिब मानवहरूको ' जीवनमा जागरण' ल्याउन केही गरेको छ ? 'हिन्दु जागरण' गराउनेहरूले योगी नरहरीनाथले संकलन गरेका हजारौं धार्मिक ग्रन्थहरू मुसाले खाएर नष्ट हुँदा केही गरेको छ ? 'हिन्दु जागरण' गर्नेहरूले जब एक हिन्दु सुत्केरी महिला रगत बगेर जीवन र मृत्युको संघारमा पुग्छिन्, उनलाई रगतदान गरेर जीवन बचाएको छ ? जब कोरोनाबाट त्रस्त भएर, मजदुरी गर्न नपाएर हिन्दुहरू भोकै बस्न बाध्य हुँदा के 'हिन्दु जागरण'कर्ताले उनीहरूलाई भात, रोटी दियो ?

नेपालका गाउँघरमा महिलाहरू ' बोक्सी'भनेर अपमानित हुँदा के 'हिन्दु जागरण' वालाहरूले 'बोक्सी' प्रथाविरुद्ध जागे ? कुन चाहिँ 'हिन्दु जागरण' गर्ने मानिसले अहिले पहिरोमा परेका मानिसहरूको उद्धार गरेको छ ? पहिरोमा मरेकाहरूको सदगती गरेको छ ? 'हिन्दु जागरणका' नाममा स्कुलमा बालबालिका पढाउनुपर्छ भनेर कति वकालत गरेको छ ? हिन्दु धर्ममा भएका विकृति हटाउन ' हिन्दु जागरण'ले कति काम गरेको छ ?

आफूले साँच्चि नै समाजमा जागरण ल्याउन सिन्का पनि भाँच्न नसक्नेले 'युट्युब' को गीत हटाउन कत्रो हल्लाखल्ला ? 'काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर' भनेजस्तै हिन्दु समाजमा रहेका पीडा, दुःख, बेथिति हटाउन औंला नउठाउने, तर ठूलो स्वरले गीतको विरुद्ध लाग्ने ? हिन्दु जागरणका मानिसहरूले मन्दिरबाट हिन्दु देवी देवताहरूको मूर्तिहरू चोरी हुँदा 'चोर को हो' भनेर पत्ता लगाउन किन आवाज नउठाएका होलान् ?

'ब्रत' आफैंमा नराम्रो कुरा होइन । सक्ने मान्छेले त हरेक हप्ता ब्रत बसे हुन्छ । अझ सके त हरेक दिन एक छाकमात्रै अन्न खाए हुन्छ । सक्ने मानिसले तीन दिन ब्रत बसेर स्वास्थ्य राम्रो पारे हुन्छ । तर, तिजको ब्रत बसेर 'लोग्नेको आयु बढ्छ' भन्ने गलत विचार, लोग्नेको खुट्टाको पानी खाए महिलाको जीवन धन्य हुन्छ भन्ने मूर्खतापूर्ण ज्ञान म मान्दिनँ भनेर महिलाले गीतमा भन्दा यहाँहरूलाई कति चित्त दुखेको ? त्यो चित्त यदि 'बालविवाह भएर' जीवन नष्ट भएका युवतीहरूका लागि दुखे हुन्थ्यो । बालविवाह अपराध हो भनेर यहाँहरूले जागरण गरे हुन्थ्यो । वा यहाँहरूलाई 'बाल विवाह' त हिन्दु धर्मको एक सबल पक्ष हो, बालविवाहले समाजमा राम्रो गर्छ, भनेर जागरण फैलाउने विचार छ कि ?

जुन धर्मले मानिसको जीवनलाई सुखी बनाउँदैन, त्यो धर्मको केही औचित्य छैन भनेर मैले हाकाहाकी भन्दा यहाँहरुले मलाई पनि 'जेल' हाल्ने भनेर 'सरकारलाई पत्र लेख्न' हुन्छ कि ? तपाईहरु जस्ता 'जागरण' गर्ने मानिसहरुको कारणले नै क्रिश्चियन धर्ममा लाग्ने मानिसहरुको संख्या बढ्दो छ भन्ने यहाँहरुलाई हेक्का छ कि छैन ? काठमाडौंमा बसेर 'गीत'को विरुद्धमा आवाज फैलाउन त सजिलो छ नि महोदय । तर, सुदूर पश्चिमका र कर्णालीका गाउँमा गएर दलित, सीमान्तकृत व्यक्तिहरु 'क्रिश्चियन' धर्ममा लागेपछि उनीहरुलाई तपाईको 'जागरण' ले केही लछारपाटो लगाउन सक्दैन भन्ने भान छ कि छैन ? कि तपाईहरु शुतुरमुर्ग जस्तै हुनुहुन्छ ? काठमाडौंको गल्लीमा टाउको घुसाएर बसेपछि सम्पूर्ण नेपाल नै यही हो भनेर सारा नेपाल नै मन्दिरले भरिएको छ भनेर दाबी गर्ने ? म हिन्दु आमाबुबाबाट जन्मेकी एक हिन्दु हुँ । तर, म नास्तिक हिन्दु हुँ । तपाईंहरूले भनेको कर्मकाण्डमा मेरो विश्वास छैन । मेरो ईश्वर त घट-घटबासी छ । पत्थर, रुख, बिरुवा, नदी, कुकुर, बिरालो र प्रत्येक मान्छेमा ईश्वर बास गर्छ ।

ईश्वरको पूजा गर्न मलाई पशुपति गएर दूध र पेडा चढाउनुपर्दैन । एउटा रुख रोप्दा, एक छाक भात कसैलाई दिँदा मैले ईश्वरको पूजा गरेको भान हुन्छ । मलाई तपाईंहरूको 'फोस्रो जागरण' चाहिएको छैन भनेर लेख्दा के तपाईंहरू मलाई लछार-पछार गर्न आउनुहुन्छ ? तिजको ब्रत महिलाले बस्दा लोग्नेको आयु बढ्ने भए लोग्नेले तिजको ब्रत बसेर महिलाको आयु बढाउने काम गर्नलाई पनि यहाँहरूजस्तो जागरुक मानिसले 'जागरण' ल्याए हुन्थ्यो नि ।

यहाँहरू आफैंले त 'हिन्दु धर्म नेपालमा नेपालमा सबैले बुझुन् भनेर के काम गर्नु भएको छ, त्यसको फेहरिस्त पाए हामी पनि यहाँहरूको 'जागरण' मा समाहित हुने थियौं । त्यसैले 'हिन्दु जागरण' का महोदय, कर्मकाण्डमा लागेर होइन, काम गरेर हिन्दुलाई जागरण गरेको बेश । जहाँसम्म तिजको र पञ्चमीको व्रतको सवाल छ । यो ढकोसकालमा मैले विश्वास कहिले गरिनँ भनेर मैले लेख्दा के तपाईको 'हिन्दु जागरण' काहरू रिसाएर मलाई झम्टिन आउलान् ? हिन्दु धर्मको 'जागरण' तपाईभन्दा ती व्यक्तिले गरिरहेका छन्, जो गरिब, बिरामीको सेवा गर्छन् चुपचाप लागेर । उनीहरु तपाईंहरु जति वाहियात काममा संलग्न हुँदैनन् भनेर यहाँले बुझेकै बेश । पर्खिरहेछु यो पत्रको उत्तर पाउन । 'हिन्दु जागरण' समाजका साथीहरूलाई ।

# नवउद्यम रोजगारीको आधार



❖मोहन गजुरेल

सरकारले ठूला उद्योगीलाई प्रोत्साहन गर्दै आए पनि नवउद्यमशीलताको विकासका लागि ठोस कार्यक्रम ल्याउन सकेको छैन । हाम्रोजस्तो अति कम विकसित मुलुकमा एउटा नवउद्यमीले सयौं युवालाई रोजगारी दिन सक्छ ।

बन्दाबन्दीको प्रतिकूलतामाझ विद्युतीय व्यापार (इ-कमर्स) मा संलग्न सस्तो डिलले करिब १२ करोड रुपैयाँको लगानी जुटायो । निजी क्षेत्र पर्ख र हेरको स्थितिमा हुँदा सस्तो डिल भने कम्पनीलाई नयाँ उचाइमा लैजाने रणनीति बनाउन व्यस्त छ । परम्परागत अफलाइन सपिङ (पसलमै गएर किन्ने) अवरुद्ध हुँदा सहरी क्षेत्रमा अनलाइन सपिङ नयाँ उचाइमा पुगेको छ ।

कहिल्यै अनलाइन सपिङ नगरेकाहरूले समेत यसको प्रयोग गर्न थालेका छन् । बन्दाबन्दीले केही हदसम्म अमुन थापा र उनको कम्पनी सस्तो डिलको बजार विस्तार गऱ्यो । नवउद्यममा नयाँ पुस्ताका प्रतिनिधि पात्र हुन्, थापा । थापाले कम्पनीलाई विस्तार गरिरहँदा राष्ट्रिय योजना आयोगले नवप्रवर्तन सुरुआती पुँजी अनुदानका लागि प्रस्ताव आह्वान गरेको छ । बेरोजगारी ह्वात्तै बढ्ने आँकलन भइरहेका बेला आयोगले यो प्रस्ताव ल्याएको हो । स्रोतको व्यवस्थापन प्रमुख चुनौती हुन सक्छ र उसले सदैव पुँजीको खोजी गरिरहेको हुन्छ । सम्भावित ऋणदातासँग आफ्नो अवधारणाको औचित्य पुष्टि गर्नुपर्ने चुनौती पनि छ । विश्वको ट्रेन्ड हेर्ने हो भने नवउद्यमीका लागि सधैं जोखिम हुन्छ । जोखिमलाई अवसरमा बदल्न बजारको माग र पहिचान बुझ्नु आवश्यक छ ।

बन्दाबन्दीलाई क्रमशः खुकुलो पार्दै लगे पनि अर्थतन्त्रले पुरानै गति तुरुन्तै लिने सम्भावना न्यून छ । तत्कालै कलकारखाना र बजार पूर्ण रूपमा सञ्चालनमा आउने अवस्था छैन । यसको प्रत्यक्ष असर रोजगारीमा पर्छ । कोरोना विपत्लाई अवसरका रूपमा उपयोग गर्दै मुलुकभित्रकै श्रम बजार विस्तार गर्न सके मात्रै अर्थतन्त्रले नयाँ गति लिन सक्छ । स्वदेशमै रोजगारी गुमाएका र विदेशबाट खाली हात फर्कने युवाका लागि रोजगारीको व्यवस्था गर्ने प्रमुख दायित्व सरकारको हो । अब रोजगारीको महत्वपूर्ण आधारका रूपमा उद्यमलाई मान्नुपर्छ । एक दशकयता नयाँ पुस्ता परम्परागत जागिरभन्दा उद्यममा बढी आकर्षित भएको छ । स्टार्टअपको नयाँ लहर र इ-कमर्स व्यवसाय विस्तारका पछाडि नयाँ पुस्ताकै योगदान छ । अझ स्पष्ट रूपमा भन्दा, नवप्रवर्तन व्यवसायले नयाँ इकोसिस्टम बनाइसकेको छ । सरकारी सहयोगबिनै विकास भएको यो इकोसिस्टम मुलुकको उद्यमशीलतालाई अर्को उचाइमा लैजाने अभूतपूर्व माध्यम र अवसर बन्न सक्छ । नवप्रवर्तन उद्यमलाई आवश्यक नीतिगत तथा आर्थिक सहयोगको वातावरण बनाइदिनु सरकारको दायित्व हो । नयाँ पुस्ताको सीप तथा दक्षतालाई सदुपयोग गर्दै नवउद्यम विस्तारमा सरकारको सकारात्मक हस्तक्षेप चाहिन्छ । सरकारले बजेटमा नवउद्यमशीलताका लागि ५० करोड रुपैयाँको व्यवस्था गरेको छ । साथै कृषि र पर्यटन क्षेत्रको प्रवर्द्धन सरकारको प्राथमिकतामा परेका छन् । यो वर्ष सरकारले ८ लाखलाई रोजगारी दिने लक्ष्य राखेको छ । तर एकाध छाडेर सरकारले राखेका लक्ष्यहरू सायदै पूरा भएका छन् । रोजगारी सिर्जनालाई सरकारले महामारीका कारण प्राथमिकतामा राखे पनि ठोस कार्ययोजनामार्फत कार्यान्वयनमा नलगिए बेरोजगारी ह्वात्तै बढ्नेछ । तत्काल ठूलो संख्यामा रोजगारी सिर्जना गर्न नवउद्यम उत्तम विकल्प हो ।




सरकारले ठूला उद्योगीलाई प्रोत्साहन गर्दै आए पनि नवउद्यमशीलताको विकासका लागि ठोस कार्यक्रम ल्याउन सकेको छैन । हाम्रोजस्तो अति कम विकसित मुलुकमा एउटा नवउद्यमीले सयौं युवालाई रोजगारी दिन सक्छ । थापा र इ-सेवाका विश्वास ढकालले क्रमशः इ-कमर्स तथा डिजिटल पेमेन्टलाई नेपालमा स्थापित मात्र गरेनन्, अरूलाई समेत बाटो देखाए । पछिल्लो समय टुटल, फुडमान्डु, मेट्रो तरकारी लगायतलाई सफल नवउद्यम मानिएको छ । स्वदेशमै उत्पादन गर्न सक्ने र बजारमा पनि पुऱ्याउन सक्ने क्षेत्रको पहिचान गरी युवालाई व्यवसायमुखी बनाउनु आवश्यक छ । बिल गेट्सले स्थापना गरेको ' माइक्रोसफ्ट', हेनरी फोर्डले सुरु गरेको 'फोर्ड मोटर्स', रे क्रोकले खोलेको 'म्याकडोनाल्ड्स' सर्वाधिक सफल नवप्रवर्तक उद्यम थिए ।

अहिलेको पुस्ताले चिन्ने यी सफल उद्यमीको नजिर देखाउँदै सरकारले युवालाई उद्यमतर्फ आकर्षित गर्न सक्छ । देशका सफल उद्यमीले पनि आफ्नो संघर्ष र अनुभव बाँड्नुपर्छ अनि आवश्यक परे नवउद्यमीलाई प्रशिक्षण दिनुपर्छ, ताकि मुलुकको समृद्धिमा टेवा पुगोस् । पछिल्लो समय सूचना प्रविधिले जनजीवन निकै सहज भएको छ । दूरदराजका मानिसका हातहातमा समेत मोबाइल फोन छ । अधिकांश व्यक्ति इन्टरनेटको पहुँचमा छन् । यस्तो अवस्थाको अधिकतम प्रयोग गर्दै नवउद्यमशीलतालाई नयाँ दिशा दिन सकिन्छ । यसका लागि तीनै तहका सरकारले सक्रियता देखाउनुपर्छ । सहरकेन्द्रित नवउद्यमको लहर अब गाउँ पुग्नु जरुरी छ । यसो गर्न सके युवाको पलायन धेरै हदसम्म रोक्न सकिन्छ ।

योजना आयोगको यो कार्यक्रमको सफल कार्यान्वयनले नवउद्यम प्रवर्द्धनमा ठूलो अर्थ राख्नेछ । यसअघि ल्याइएको युवा स्वरोजगार कोषको जस्तो दुर्गति यसले भोग्नु नपरोस् । र, यसको नियति बजेटमा पारिएको एकवर्षे कार्यक्रमजस्तो हुनु हुन्न । ढिलै भए पनि सरकारी तवरबाट सुरु भएको यो कार्यक्रमलाई दिगो बनाउन सार्वजनिक-निजी साझेदारीको अवधारणामा सञ्चालन गर्नुपर्छ । निजी क्षेत्रको सहभागिताले यसलाई परिणाममुखी र प्रतिस्पर्धात्मक बनाउनेछ । (*गजुरेल ब्रान्डवर्थका सीईओ हुन्।*)

# रेडक्रस कार्यसमिति भंग



**झापा (प्रस) ।** सरकारले आर्थिक अनियमितता गरेको आरोपमा नेपाल रेडक्रस सोसाइटीको कार्यसमिति भंग गरेको छ । मन्त्रिपरिषद्को सोमबार बसेको बैठकले सञ्जिव थापा सभापति भएको कार्यसमिति भंग गरेर मोरङ सिजुवाका नेत्रप्रसाद तिम्सिनाको अध्यक्षतामा तदर्थ समिति गठन गरेको हो ।सरकारलाई जानकारी नदिई १६ अर्ब रुपैयाँ विदेशी सहायता लिएको, भक्तपुरमा जग्गा खरिदमा अनियमतता गरेको, रेडक्रसको केन्द्रीय कार्यालय, शाखा र उपशाखाको चल-अचल सम्पत्तिको दोहन गरी अनियमितता गरेको, समाज कल्याण र जिल्ला प्रशासनको निर्देशन पालना नगरेको, विधान तथा कानुन विपरीत काम गरेको, पदाधिकारीले आफ्नो पारिश्रमिक लिएको आरोपमा थापाका सभापति भएको कार्यसमिति भंग गरेको हो ।'उहाँहरुलाई १० बुँदे स्पष्टिकरण सोधेका थियौं । सरकारलाई पेश गरेको स्पष्टीकरण चित्तबुझ्दो नभएपछि कार्य समिति भंग गर्ने निर्णय भएको हो,' महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्री पार्वत गुरुङले भने,' निर्वाचन गरी नयाँ पदाधिकारी चयन गर्ने, संस्थालाई प्रदेश संरचना अनुसार व्यवस्थित गर्ने र शुद्धिकरण गर्ने गरी तदर्थ समिति गठन गरेका छौ ।'

जिल्ला प्रशासनले यस्ता अनियमितता रोक्न भन्दै २०७६ जेठ ६ मा रेडक्रसको केन्द्रीय कार्यसमिति विघटन गरेर तदर्थ समिति गठन गरेको थियो । सर्वोच्च अदालतका न्यायाधीश प्रकाशमान सिंह राउतको इजलासले प्रशासनको निर्णय कार्यान्वयन नगर्न आदेश दिएपछि उक्त तदर्थ समिति भंग भएको थियो । रेडक्रसको २०७५ चैतमा हुनुपर्ने निर्वाचनसमेत अझै हुन सकेको छैन । रेडक्रसको विधान विपरीत जिल्लाका सभापति, मन्त्री (सचिव) कम्तीमा २० देखि ४० वर्षसम्म एकै जना छन् ।

# राप्रपा छोडेका सुनिल थापा कांग्रेसमा



**झापा (प्रस) ।** राप्रपाका संस्थापक अध्यक्ष सूर्यबहादुर थापाका छोरा सुनिल बहादुर थापा राप्रपा छोडेर कांग्रेस प्रवेश गरेका छन् । थापालाई सभापति शेरबहादुर देउवाले कांग्रेस केन्द्रीय कार्यालय सानेपामा एक कार्यक्रमबीच स्वागत गरेका हुन् । पूर्वमन्त्रीसमेत रहेका थापासहित ५० जना राप्रपाका नेता तथा कार्यकर्ताहरु कांग्रेसमा प्रवेश गरेका हुन् । थापासँगै राप्रपाका ९० भन्दा धेरै नेता तथा कार्यकर्ता कांग्रेस प्रवेश गरेका छन् । थापाले आफू कांग्रेसमा प्रवेश गर्दा महामन्त्री र केही केन्द्रीय सदस्य पाउनुपर्ने माग गरेका थिए । महामन्त्री दिने विषयमा पार्टीभित्र चर्को आलोचना भएपछि देउवाले महामन्त्री दिन नसक्ने र सहमहामन्त्री दिन सक्ने बताएका थिए । अन्ततः थापाले देउवाको प्रस्ताव स्वीकार्दै सहमहामन्त्री पद लिएर कांग्रेस प्रवेश गरेका हुन् ।

यद्यपि मंगलबारको पार्टी प्रवेश कार्यक्रममा पदीय जिम्मेवारी भने नदिइएको थापाका सहयोगी अरुण शर्माले जानकारी दिए । थापा कांग्रेस प्रवेश गर्ने हल्ला गत वर्षको माघमै चलेको थियो । यो बीचमा सभापति देउवाले पार्टी उपसभापति विमलेन्द्र निधिलाई थापासँग छलफलको जिम्मा दिएका थिए । राप्रपा एकतासँगै थापालगायत उनको समूह असन्तुष्ट थिए । थापाले राप्रपामा गणतन्त्रका पक्षमा आवाज उठाउँदै आएका थिए । थापासहित ३१ नेताले शनिबार संयुक्त रूपमा राप्रपामा राजीनामा दिएका थिए ।

# फुटबल 'पढाउँदै' जलकुमार



**राजेन्द्र गौतम**

'अब फुटबल खेल्ने मात्र होइन पढ्ने हो,' झापा फुटबल क्लब-११ का अध्यक्ष जलकुमार गुरुङले प्रस्ट्याए,'हिजो खेतबारीमा फुटबल खेलियो, अब त्यसरी हुँदैन, फुटबलको विकासका लागि नियमित अभ्यास गर्नुपर्छ, एकेडेमीमै बसेर सिक्नुपर्छ।' झापामा ५ करोड खर्चेर फुटबल प्रशिक्षण प्रतिष्ठान (एकेडेमी) बनाउन जुटेका उनले नेपालमा फुटबल खेल्ने कला परम्परागत शैलीको रहेकाले त्यसमा परिवर्तन जरुरी भएको बताए। 'अहिलेको जमाना मोर्डन फुटबलको हो,' गुरुङले भने, ' हाम्रो जस्तो खेलले केही हुँदैन, यसमा परिवर्तन गर्नैपर्छ, त्यहीँ सोचेर एकेडेमीको अवधारणा अघि सारिएको हो।' प्रशिक्षण प्रतिष्ठान सञ्चालन गर्न लामो समयदेखिको योजनाले सार्थकता पाउनेमा आफू विश्वस्त भएको

बाँकी पृष्ठ ४ मा

# ओलीले विधिविपरीत बैठक स्थगित गरेको ठहर



**झापा (प्रस) ।** सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का बहुमत सदस्यले अध्यक्ष केपी शर्मा ओलीले एकलौटीरुपमा विधि विपरीत मंगलबार बोलाइएको स्थायी कमिटीको बैठक स्थगित गरेको निष्कर्ष निकालेका छन् । मंगलबार प्रधानमन्त्री निवास बालुवाटारमा बोलाइएको स्थायी कमिटीको बैठक अन्तिम समयमा प्रधानमन्त्रीसमेत रहेका अध्यक्ष ओलीले स्थगित गरेका थिए । तर बहुमत सदस्य अर्थात २९ जना स्थायी कमिटीका सदस्य बालुवाटारमा जम्मा भएर छलफल गरेका थिए । त्यसलाई उनीहरुले स्थायी कमिटीको बैठक भनेका छन् भने ओली पक्षले गुटको भेला ।बैठकले अध्यक्ष ओलीले विधि विपरीत स्थायी कमिटीको बैठक स्थगित गरेको ठहर गरेको प्रवक्ता नारायणकाजी श्रेष्ठले जानकारी दिए । उनका अनुसार अर्को बैठक अध्यक्षद्वय ओली र दाहालको छलफलले तय गर्नेछ । बैठक सुरुअघि अध्यक्ष ओलीलाई बोलाउन पुगेका दाहाल र वरिष्ठ नेता झलनाथ खनाललाई ओलीले आफूले बैठक स्थगित गरेकाले उपस्थित नहुने जवाफ दिएका थिए । प्रधानमन्त्रीको भनाई उद्धृत गर्दै प्रवक्ता श्रेष्ठले भने, 'मैले बैठक स्थगित गरेँ,म आउँदिन भन्नुभएछ । '

यसैबीच नेकपाका वरिष्ठ नेता झलनाथ खनालले प्रधानमन्त्री केपी शर्मा ओलीले विधि, विधानलाई अटेर गरेको बताएका छन् । पार्टी अध्यक्ष ओलीले विधि लत्याएर एकतर्फी (अर्को अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड) को सहमतिविपरीत स्थायी कमिटी बैठक रोकेको भन्दै बहुमत सदस्य बालुवाटार भेला भएका थिए । बैठकले ओलीले विधान विपरीत एकतर्फीरूपमा स्थायी कमिटी बैठक रोकेको निष्कर्ष निकाल्दै सच्याउन निर्देशन दिएको खनालको भनाइ छ । 'हामी ३०-३१ जना उपस्थित थियौं,' खनालले बैठकको जानकारी गराउँदै भने, ' तै पनि हामीले प्रधानमन्त्रीलाई पर्खियौं । नआएपछि म र प्रचण्ड गएर प्रधानमन्त्रीलाई आग्रह पनि गऱ्यौं ।' बैठक सुचारु गर्न र आफ्नो कुरा बैठकमै राख्न अनुरोध गर्दा पनि ओलीले अटेर गरेको खनालको भनाइ छ । ' तपाईंले जुन ढङ्गले बैठक स्थगित गर्नुभयो, त्यो अवैधानिक छ । पार्टीको पद्धति विपरीत छ, यसलाई रद्द गर्नुहोस् र आजै तीन बजे बैठक बोलाउनुहोस् भनेर भनेर हामीले सुझाव दियौं,' खनालले भने, 'उहाँले मान्न तयार हुनुभएन । तपाईंले मान्नुहुन्न भने हामी बैठक सुचारु गर्छौं भनेर फर्किएका हौं ।'

त्यस्तै नेकपाका उपाध्यक्ष वामदेव गौतमले पार्टी फुट्नबाट जोगाउन केपी ओलीलाई प्रधानमन्त्रीबाट नहटाउँ भनेर प्रस्ताव गरेको प्रष्टीकरण दिएका छन् । प्रधानमन्त्री निवास बालुवाटारमा बसेको बहुमत स्थायी कमिटी सदस्यहरुको बैठकमा नेकपा उपाध्यक्ष गौतमले यस्तो बताएका हुन् ।

'ओलीबाट सरकार पनि चल्दैन, पार्टी पनि चल्दैन भनेर मैले एकवर्ष अगाडि नै भनेको हुँ, त्यो वेला माधव नेपालले अहिले त्यसो नगरौं, बरु सच्चिन समय दिउँ, अहिले नै हटाउने कुरा नगरौं भन्नुभयो,' वामदेवको भनाइ उद्धृत गर्दै एक नेताले भने, 'यत्रो विरोध र आलोचना हुँदा उहाँ आफैंले छोड्नुपर्ने हो । तर उहाँमा छोड्ने साहस छैन । उहाँमा आलोचना सुन्ने साहस छैन ।' २०७५ मंसिर २९ गतेदेखि पुस १३ गतेसम्म चलेको स्थायी कमिटीको तेस्रो बैठकमा उपाध्यक्ष गौतमले ओलीलाई एक पद छाड्न सुझाव दिएका थिए । त्यतिबेला गौतम एक्लै परेका थिए । बैठक स्थगन हुनुअघि ६ बुँदे प्रस्ताव अघि सारेको गौतमले बहुमतको भेलामा ओलीलाई 'कम्युनिस्ट हुनै अयोग्य' भनेर व्यक्ति चित्रण गरेका थिए ।'यस्तो व्यक्ति बोकिरहेका छौं, जसले फोहोरमात्रै गरिरहेको छ । तर, अहिले नै प्रधानमन्त्रीबाट हटाउँदा पार्टी फुट्छ कि, दुर्घटना हुन्छ कि भन्ने डर छ,' वामदेवले भेलामा भनेका थिए, 'त्यही भएर मैले तत्काल प्रधानमन्त्रीबाट नहटाउँ भनेको हुँ ।'मंगलबारको बैठकले स्थायी कमिटीले तय गरेको बैठक ओलीले एकतर्फी रूपमा रोक्न नमिल्ने निष्कर्ष निकालेको एक सदस्यको भनाइ छ ।

# विराटनगरमा चिकित्सकसहित थप १६ जनामा कोरोना



**बिराटनगर (प्रस) ।** विराटनगर महानगरपालिकामा थप १६ जनामा कोरोना भाइरसको संक्रमण देखिएको छ ।कोशी अस्पतालको प्रयोगशालामा गरिएको परीक्षणमा मंगलवार १६ जनामा संक्रमण देखिएको महानगरपालिकाका जनस्वास्थ्य महाशाखा प्रमुख रमेश कार्कीले जानकारी दिए। कार्कीका अनुसार एक चिकित्सकसहित विराट नर्सिङ होमका तीन जना स्वास्थ्यकर्मीमा कोरोना संक्रमण पुष्टि भएको हो । अन्यको कन्ट्याक ट्रेसिङका आधारमा संक्रमण पुष्टि भएको हो।त्यसैगरी, पछिल्लो समय समुदायस्तरमा ट्राभल हिस्ट्री नदेखिएकामा पनि संक्रमण बढ्दै गएको कार्कीले बताए।'पछिल्लो समय ३७ जनाभन्दा बढी ट्राभल हिस्ट्री नभएका समुदायबाटै संक्रमित भएको देखिन्छ', उनले भने, 'जसले गर्दा उच्च जोखिममा छौं हामी ।

प्रतिदिन
वर्गीकृत विज्ञापन

विवाह कार्ड
स्टाम्प साथै अन्य छपाई सम्बन्धी सम्पुर्ण काम गर्नु परेमा सम्झनुहोस्
न्यू के.के. प्रिन्टर्स
बिर्तामोड कृषिथोक बजार
९८५२६७९०२९, ९८०२६७९०२९
९८४२७८१०२९

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

INDESIGN BTM
Think Creative
ADVERTISEMENT DESIGN
LOGO | POSTER
BOOK | COVER | BROCHURE
BIRTAMOD | 9807909546

आवश्यकता
सेक्युरीटी गार्ड : ४० जना(महिला/पुरुष)
यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा.लि. बिर्तामोड, भद्रपुर रोड
फोन: ०२३-५४३००३, ५४६६१४
९८०१४१६८४०, ९८०१४१६८४१,
९८५२६७३९५५

3D BOARD
-2D Board
-Flex Print
-Sticker
Decoration
बिचित्र डिजाईन
दमक-८, पलेटी रेष्टुरेन्टसँगै
९८६२१७८११४, ९८१०१७१६१६

हरि ओम (UPVC) उद्योग
आवास, होटल, अस्पताल र विद्यालयका लागि अति उपयुक्त (UPVC) का झ्याल, ढोका पार्टेशन, रुफिङ, फल्स सिलिङ, स्टिल, रेलिङ लगायत सम्पूर्ण कामका लागि सधैं सम्झनुहोस् ।
बिर्तामोड-१, झापा
०२३-५४२४६१/९८४२६९८५१४

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
९८०६०५८२०८

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१६०८८९५९

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

## राशिफल

**मेष** : परिवेश उल्लासमय रहे पनि जीवनशैली व्यस्त रहनेछ ।
**वृष** : स्वास्थ्य सबल रहनेछ भने पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ ।
**मिथुन** : आँटले सजिलै लक्ष्मा पुर्याउनेछ। सुखद समाचारले आजको दिन उत्साहपूर्ण रहनेछ ।
**कर्कट** : परिस्थितिअनुसार चल्न नसक्ता अलि दुःख पाइनेछ ।
**सिंह** : नयाँ काम प्रारम्भ गर्ने समय छ। चिताएको काममा सोचेजस्तै सफलता मिल्नेछ ।
**कन्या** : ध्ययनमा प्रगति हुनेछ। लेखन तथा सिर्जनात्मक कामबाट ख्याति मिल्न सक्छ ।
**तुला** : प्रयत्न गरेको काम छिटै पूरा हुनाले समय फुर्सदिलो रहनेछ ।
**वृश्चिक** : समयमा होस नपुग्नाले खर्च बढ्नेछ। ठूलो प्रयत्नले सामान्य उपलब्धि दिलाउनेछ ।
**धनु** : मनग्गे आम्दानी भए पनि प्राप्त रकम परिस्थितिवश खर्चनुपर्ला ।
**मकर** : प्रतीक्षा गरिएको काम छिटै सम्पादन हुनेछ । आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सकिनेछ ।
**कुम्भ** : नसोचेको अवसरले नयाँ जिम्मेवारी दिलाउन सक्छ ।
**मीन** : शरीरमा कमजोरी तथा आलस्य अनुभूति हुनेछ ।